# स्थानीय राजपत्र

## स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः२ संख्याः२ अभिलेखीकरण मितिः २०८३।०१।२५


## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाँउपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ।

संवत् २०८३ सालको कार्यविधि नं.२

## भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७

प्रमाणिकरण मितिः२०७७/०४/२२

**प्रस्तावनाः**

भीमफेदी गाउँपालिका क्षेत्र भित्रको भूमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास एवं त्यस्तो श्रोतको उपयोगबाट हुने वातावरणीय कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भीमफेदी गाउँपालिकाको मिति २०७७/४/२२ मा बसेको गाउँ कार्यपालिकाको बैठकले भीमफेदी गाउँपालिका जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ जारी गरीएको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **"भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

**विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

ख) "गाउँ जलश्रोत समिति" भन्नाले दफा ८ बमोजिमको गाउँ जलश्रोत समिति सम्झनु पर्छ ।

ग) "श्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको पानीको श्रोत लाई सम्झनु पर्छ।

घ) "उपभोक्ता समिति संस्था" भन्नाले जलश्रोतको उपयोगको लागि गठन भएको उपभोक्ता समिति स्रोत सम्झनु पर्छ ।

ङ) "सर्वेक्षण" भन्नाले संरचनाको निर्माण गर्दा पर्ने वातावरणीय असर, श्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्वित हुनेहरुको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्कहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरीएको अन्वेषण सम्भाव्यता, अध्ययन र तत्सम्बन्धी विस्तृत ईञ्जिनियरिङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्छ।

च) "परियोजना" भन्नाले अनुमति पत्र प्राप्त व्यक्तिले सञ्चालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले भीमफेदी गाउँपालिकाले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालन गरेको परियोजना समेतलाई जनाउँछ।

छ) "अनुमति पत्र" भन्नाले गाउँपालिकाको जलश्रोत समितिलाई दिएको अनुमति पत्र सम्झनु पर्छ।

ज) "अनुमति प्राप्त व्यक्ति" भन्नाले जलश्रोत उपयोग गर्ने अनुमति पत्र प्राप्त व्यक्ति सङ्गठित संस्था सम्झनु पर्छ।

झ) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी तथा सिँचाई सेवा सम्झनु पर्छ।

ञ) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ।

ट) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउछ।

ठ)"गाउँपालिका" भन्नाले भीमफेदी गाउँपालिका सम्झनु पर्छ।

ड)"अध्यक्ष" भन्नाले भीमफेदी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ढ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

परिच्छेद २

## उपभोक्ता संस्था

**३. जलश्रोत उपयोगः**

(१) यस कार्यविधि बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलश्रोत उपयोग गर्न पाउने छैन।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्नेछैन।

क. ढुवानी गरी आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न।

ख. आफ्नै जग्गामा सिँचाई गर्न।

ग. घरेलु उपयोगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन।

घ. जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न।

**४. जल उपभोक्ता संस्थाको गठनः**

(१) सामूहिक लाभको लागि संस्थागत रुपमा जलश्रोत उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा १ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची-१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित गाउँ जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**५.विधानमा खुलाउनुपर्ने विवरणहरुः-** दफा ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछः-

क) पूरा नाम र ठेगाना,

ख) उद्देश्य र कार्यक्षेत्र,

ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

घ) सदस्यको निष्काशन र राजीनामा,

ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

च) साधारण सभा सम्बन्धी व्यवस्था,

छ) सञ्चालक समितिको गठन (निर्वाचन (सञ्चालक समितिको कार्यावधि ३ बर्ष भन्दा बढी हुन नहुने) एवं काम,कर्तव्य तथा अधिकार सम्बन्धी),

ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

झ) कोष र लेखापरीक्षण,

ञ) विधान संशोधन,

ट) विघटन,

ठ) विविध ।

**६. दर्ता र प्रमाणपत्रः** (१) दफा ४ बमोजिम पेश हुन आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा १ बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलश्रोत समितिले सो को स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु र जिल्ला समन्वय समितिको कार्यालय मार्फत दर्ताको प्रक्रियाको चरणमा रहेका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम दर्ता भएका र दर्ता प्रक्रियामा रहेको मानी सोही बमोजिम दर्ता गरीनेछ।

**७. विधान संशोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रक्रिया पूरा गरी तयार गरीएको विधानको संशोधित मस्यौदा गाउँ जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ र गाउँ जलश्रोत समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

## परिच्छेद-३

## जलश्रोतको उपयोग सम्बन्धी व्यवस्था

**८. गाउँ जलश्रोत समितिको गठनः** (१) भीमफेदी गाउँपालिका भित्र रहेको जलश्रोत उपयोगको आवश्यकता अध्ययन अनुसन्धान एवं जलश्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिएको बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक गाउँ जलश्रोत समिति रहनेछ ।

(२) गाउँ जलश्रोत समितिमा देहायका पदाधिकारी रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | -अध्यक्ष |
| ख. आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| ग. वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| घ. पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| ङ. सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| च. योजना अनुगमन इकाइ प्रमुख | -सदस्य |
| छ. इन्जिनियर | -सदस्य |
| ज. वातावरण तथा विपद् व्यवस्थापन ईकाई प्रमुख | -सदस्य |
| झ. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**९. स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकारः**

(१) स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. जलश्रोत उपयोग र सर्वेक्षण सम्वन्धमा अनुमतिपत्र प्रदान गर्न सिफारिस गर्ने।

ख. जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन अनुसन्धान तथा आवश्यक सुझाव सङ्कलन गरी भीमफेदी गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने।

ग. जलश्रोत उपयोग सम्वन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलश्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने।

घ. "खण्ड ग" बमोजिम जाँच गर्दा वा गराँउदा तोकिएको शर्त बमोजिम जलश्रोतको उपयोग नभए नगरेको देखिएमा सो कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

ङ. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(२) स्थानीय जलश्रोत समितिको बैठक आवश्यकता अनुसार बैठक बस्नेछ।बैठकमा जलश्रोतसँग सम्बन्धित वा सरोकार राख्ने व्यक्ति वा विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ। बैठकमा उपस्थित समितिका सदस्य तथा आमन्त्रित सदस्यहरुले गाउँ कार्यपालिकाको सदस्यहरुले पाए सरह बैठक भत्ता पाउने छन्।

**१०. जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरु खुलाइ गाउँ जलश्रोत समिति समक्ष तीनप्रति दरखास्त फारम दिनु पर्नेछ ।

क) परियोजनाको विवरण,

ख) परियोजना रहने स्थानको नक्सा ( मुख्य मुख्य संरचना समेत देखिने )

ग) पानीको श्रोत र उपयोग हुने पानीको परिमाण,

घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

ङ) सर्वेक्षण गरीने जलश्रोतको क्षेत्र,

च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

छ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा १ बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र (१५) दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ।

(३) उपदफा २ बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त परेको मिति मानिनेछ ।

(४) उपदफा १ बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसुची-८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ ।

**११.सर्वेक्षण अनुमतिपत्र दिनेः** दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त परेको तीस दिनभित्र आवश्यक शर्तहरु तोकी अनुसूची-८ मा उल्लेखित प्राथमिकता क्रम बमोजिम स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

**१२.जलश्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष तीनप्रति दरखास्त फारम दिनु पर्नेछः-

क) परियोजनाको विस्तृत विवरण (परियोजनाको नक्सा,उपयोग गरीने पानीको श्रोत,परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय,लागत,परियोजनाको सहभागिहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनाको अन्तिम स्वामीत्व रहने व्यक्ति र संगठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम,थर,वतन समेत स्पष्ट रुपमा खुलाउनुपर्छ ।)

ख) घर जग्गाको उपयोग वा प्राप्ति ( परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिका लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत),

ग) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा १ बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र (१५) दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ।

(३) उपदफा २ बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त परेको मिति मानिनेछ।

**१३. सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेः**

(१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि समितिले सो दरखास्त सम्बन्धमा आवश्यकता अनुसार जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि अनुसूची-६ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन भएपछि परियोजनाको विकास तथा सञ्चालन गर्दा उल्लेखनीय कुनै प्रतिकूल प्रभाव पर्ने देखिएमा तत्सम्बन्धी विवरण खुलाई त्यसरी सूचना प्रकाशन भएको मितिले पैंतीस दिन (३५) भित्र समिति समक्ष सुझाव दिन सकिनेछ ।

(३) उपदफा २ बमोजिम प्राप्त भएको सुझावलाई समेत विचार गरी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नु पर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकिदिनेछ वा वातावरणीय रुपमा प्रतिकुल असर पर्ने, आम जीविकोपार्जन, दैनिक जीवनमा कठिनाइ पर्ने भए अनुमति नदिन पनि सक्नेछ ।

**१४.अनुमतिपत्र दिनेः-** दफा १२ बमोजिमको दरखास्त उपर दफा १३ बमोजिमको कार्यविधि पूरा गरी गराई गाउँ जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-७ बमोजिमको ढाँचामा दरखास्त परेको नब्बे दिनभित्र आवश्यक शर्तहरु तोकी अनुसूची-८ मा उल्लेखित प्राथमिकता क्रम बमोजिम दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

**१५.दोहोरो अनुमतिपत्र नदिइनेः**

१. दफा १४ बमोजिम कुनै व्यक्ति वा संगठित संस्थालाई स्रोत सर्वेक्षण गर्न अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सोहि क्षेत्रमा सोही कामको लागि सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सर्वेक्षण गर्न दोहोरो अनुमतिपत्र दिइने छैन।

२. दफा १४ बमोजिम स्रोत उपयोग गर्न कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सो अनुमतिपत्र प्राप्त व्यक्तिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी अन्य व्यक्ति वा संगठित संस्थालाई सोही स्रोत उपयोग गर्न पाउने गरी दोहोरो अनुमतिपत्र दिइने छैन वा अनुमति पाएको समितिले अर्कोलाई जिम्मा दिन अर्को व्यक्तिको समिति सँग सम्झौता गर्न सक्ने छैन।

**१६. स्रोत उपर अधिकार कायम रहनेः** (१) दफा १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलश्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**१७. काम शुरु गर्नु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित काम अनुमतिपत्र प्राप्त गरेको तीन महिनाभित्र शुरु गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा १ बमोजिमको म्याद भित्र काम शुरु गर्न नसकेमा त्यसको मनासिव कारण सहित म्याद थपको लागि समिति समक्ष निवेदन दिन सक्नेछ र सो निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्नु पर्ने कारण मनासिव देखिएमा समितिले बढीमा तीन महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

**१८. समिति समक्ष प्रतिवेदन पेश गर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको प्रतिवेदन प्रत्येक  तीन महिनामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१९.अनुमतिपत्र दस्तुरः** (१) यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिका लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा गत आ.व.को लेखापरीक्षण प्रतिवेदन र समितिको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस (३५) दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले समिति समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

(४) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची-८ मा तोकिएको दस्तुर बराबरको नवीकरण दस्तुर लाग्नेछ ।

**२०. अनुमतिपत्रको बिक्री वा हस्तान्तरणः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने व्यक्ति वा संगठित संस्थाको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन हुने देखिएमा समितिले आवश्यक शर्तहरु तोकी अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२१. अनुमति खारेज गर्न सक्नेः** (१) अनुमति प्राप्त व्यक्तिले यस कार्यविधि विपरित कुनै काम गरेमा यस कार्यविधिमा व्यवस्था भएको समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा व्यक्तिले पाएको अनुमति खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ

परिच्छेद-४

## जलश्रोत उपयोगको विवाद समाधान

२२. श्रोत उपयोग विवाद निरुपण समितिः (१) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानका लागि देहायको पदाधिकारीहरु भएको एक श्रोत उपयोग विवाद निरुपण समिति रहनेछः

क) उपाध्यक्ष,भीमफेदी गाउँपालिका - अध्यक्ष

ख) प्रतिनिधि,जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

ग) प्रतिनिधि,जिल्ला प्रशासन कार्यालय - सदस्य

घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(२) उपदफा १ बमोजिमको श्रोत उपयोग विवाद निरुपण समितिले जलश्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाइनेछः

क) जलश्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरु बिच जलश्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलश्रोत सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरुलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरुलाई छुट्टाछुट्टै वा सामूहिक रुपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिव म्याद तोकी दिनु पर्नेछ ।

ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजनास्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयमा जानकारी लिनु पर्नेछः

१. परियोजनाको कुल खर्च,

२. परियोजनाबाट हुने फाइदाको स्तर,

३. आयोजना सञ्चालन गर्दा सम्बन्धित जलश्रोतबाट उपयोग गरी रहेको व्यक्ति वा समूहलाई पर्न सक्ने असर,

४. परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

५. परियोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभाव,

६. स्थानीय जनताको आवश्यकता,

७. परियोजनाबाट प्रभावित हुने उपभोक्ताहरुको प्रतिक्रिया,

८. अन्य आवश्यक कुराहरु ।

ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलश्रोतको लाभदायक उपयोग भए नभएको र सो जलश्रोत उपयोग गर्न पाउने कुराको निर्धारण गरीनेछ ।

घ) उपदफा २ को खण्ड (ग) बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा श्रोत उपयोग विवाद निरुपण समितिले कुनै जलश्रोतको उपयोग गर्ने सर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद-५
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**२३. सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि वा यस कार्यविधि अन्तर्गत वनेको नियम उलंघन गरेमा निजलाई स्थानीय जलश्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पाँच हजार देखि पच्चीस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको मूल्याङ्कन गरी क्षतिपूर्ति भराई दिन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलश्रोत उपयोग गरेमा निजलाइ गाउँ कार्यपालिकाले पाँच हजार रुपैया (रु.५,०००।-) सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास जलश्रोत वा त्यस्तो जलश्रोतबाट उत्पन्न सेवा कसैले चोरी वा दुरुपयोग गरेमा वा अनाधिकृत प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले वदनियतका साथ कुनै खानेपानीको मुहान वाँध, नहर वा जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुराएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानि नोक्सानी बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारबाहीको लागि न्यायिक समिति समक्ष सिफारिस गर्ने ।

**२४. अनुसन्धानको लागि लेखी पठाउने सक्नेः** जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम आफ्नो काम कर्तव्य र अधिकारको पालना गर्दा कसैले कुनै कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्वन्धमा यस कार्यविधि बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धितनिकायमा लेखि पठाउन सक्नेछ।

**२५. मुद्दा सम्बन्धी व्यवस्थाः** यस कार्यविधि अनुसार कसुर गरेमा हुने सजाय सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**२६. पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कारबाही भएकोमा चित्त नबुझ्ने ब्यक्तिले त्यस्तो कारबाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस (३५) दिन भित्र सम्बन्धितनिकायमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद–६
## विविध

**२७. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः** (१)अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले आफूले विकास गरेको जलश्रोत उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलव्ध गराउन वा त्यस्तो सेवा बापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) भीमफेदी गाउँपालिकाले विकास गरेको जलश्रोत उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए बापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलश्रोत उपयोग गरी अन्य व्यक्तिलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलव्ध गराए बापत अनुसूची-९ बमोजिम वार्षिक शुल्क असुल गर्न सक्नेछ ।

**२८. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरे बापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकारिक रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**२९. अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** भीमफेदी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोत सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा भीमफेदी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा भीमफेदी गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

**३०. जलश्रोत संरचनाको सुरक्षाः** जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा भीमफेदी गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउन सक्नेछ ।

**३१. जलश्रोतलाइ प्रदुषित गर्न नहुनेः** भीमफेदी गाउँपालिका क्षेत्र भित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको ढल निकास, फोहरमैला, औद्योगिक निकास, विष, रासायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुंदैन ।

**३२. वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः** भीमफेदी गाउँपालिका भित्रको जलश्रोतको उपयोग गर्दा भूक्षय बाढी पहिरो वा त्यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी जलश्रोत उपयोग गर्नु पर्नेछ ।

**३३. बाधा अड्कन फुकाउः** यस कार्यविधि अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य गाउँ कार्यपालिकाले गर्ने छ।

**३७. परिमार्जन तथा संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ।

## अनुसूची -१
## (दफा ४ सँग सम्बन्धित)
उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति, भीमफेदी गाउँपालिका ।

उपभोक्ता संस्था दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः

२. कार्यक्षेत्रः

२. उपभोक्ता संस्थाको उद्देश्यः
क)
ख)
ग)

३. सदस्यहरुको नाम ठेगाना पेशा

क.

ख.

ग.

घ.

ङ.

च.

छ.

४. स्रोत रहेको स्थानः

५. उपयोग गर्ने पानीको परिमाणः

६. परियोजना शुरु गर्न लाग्ने समयः

७. परियोजना सम्पन्न गर्दा लाग्ने जाने अनुमानित खर्चः

८. नेपाल सरकारले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत्सम्बन्धी अन्य विवरणः

९. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः

(क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।

(ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजातः–

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको,

सहीः

नामः

ठेगानाः

मितिः

<u>वडा कार्यालयले भर्नु पर्नेः</u>

यस भीमफेदी गाउँपालिका वडा नं ..... मा सञ्चालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुन उपयुक्त देखिएकोले सिफारिस गरीन्छ । साथै उल्लेखित परियोजना सञ्चालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस वडा कार्यालयको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकारीको,–

सहीः–

नामः–

पदः—

वडा कार्यालयको छापः–

मिति

**अनुसूची -२**
**(दफा ६ को उपदफा १ सँग सम्बन्धित)**

जल उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र

गाउँ जलश्रोत समिति
भीमफेदी गाउँपालिका
भीमफेदी, मकवानपुर

दर्ता मितिः
दर्ता नं.

मितिः................

श्री.................... ( सम्बन्धित उपभोक्ता संस्थाको नाम र ठेगाना)

तपाईलाई भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ को उपदफा १ बमोजिम ............साल........महिना......गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरीएको छ । भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणपत्र दिने अधिकारीकोः
सहीः
नामः
कार्यालयः
मितिः

## अनुसूची -३

(दफा १० को उपदफा १ सँग सम्बन्धित)

जलस्रोत उपयोगको  सर्वेक्षण गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

मितिः..................

श्री अध्यक्ष ज्यू

गाउँ जलस्रोत समिति,

……………..

जलश्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नका लागि अनुमतिपत्र पाउन भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ को दफा १० बमोजिम  देहायका विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्न चाहेको स्रोतको नामः

४. श्रोत रहेको स्थानः मकवानपुर जिल्ला भीमफेदी वडा नं. …………….

५. सर्वेक्षण गर्न लाग्ने अवधिः

६. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्चः

७. अन्य विवरणः

८. दरखास्तका साथ संलग्न गर्नु पर्ने कागजातहरुः

क. स्रोतको सर्वेक्षण सम्बन्धमाः- आर्थिक, प्राविधिक र वातावरणीय मूल्याङ्कन सम्बन्धी प्रतिवेदन ।

ख. स्रोतको सर्वेक्षण गरीने स्थानको नक्सा ।

ग. संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति फोटोकपि ।

घ. अन्य आवश्यक कागजातहरु ।

माथि लेखिएको व्यहोरा ठीक साचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला वुझाउंला ।

संगठित संस्था भए त्यस्तो संस्थाको छाप

दरखास्त दिनेकोः

सहीः

नामः

पदः

ठेगानाः

**अनुसूची -४**

**( नियम ११ सँग सम्बन्धित)**

**जलस्रोत**को उपयोगको सर्वेक्षण अनुमतिपत्र

........ गाउँ जलश्रोत समिति

अनुमतिपत्र संख्या...........................                                                       मितिः..........................

श्री ........................................

..................................

महाशय,

तपाईलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ को दफा ११ बमोजिम यो अनुमतिपत्र प्रदान गरीएको छ ।

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम/थर र ठेगानाः
२. सर्वेक्षणको उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४. सर्वेक्षण शुरु गर्नु पर्ने समयः
५. सर्वेक्षण समाप्त गर्नु पर्ने अवधिः
६. अनुमतिपत्र बहाल रहने अवधिः
७. अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः

क.
ख.
ग.
घ.
ङ.

अनुमतिपत्र दिने अधिकारीकोः-
सहीः
नामः
पदः

## अनुसूची -५
## (दफा १२ सँग सम्बन्धित)
जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दिइने दरखास्त

मितिः....................

श्री अध्यक्ष ज्यू,
गाउँ जलस्रोत समिति,
..........................

जलश्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७ को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. स्रोत रहेको स्थान मकवानपुर जिल्ला भीमफेदी वडा नं.
४. स्रोत उपयोग गर्ने पानीको परिमाणः-
५. स्रोत उपयोग गर्दा लाग्ने अनुमानित खर्चः
६. स्रोत उपयोग गर्दा खर्च गर्ने आधारः
७. स्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्रः
८. जलश्रोत उपयोग गर्ने तरिकाः
९. जलश्रोतको हाल भइरहेको र भविष्यमा हुन सक्ने उपयोगः
१०. अन्य विवरणहरुः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संस्थाको तर्फबाट दरखास्त दिने
व्यक्तिकोः
सहीः
नामः
पदः
ठेगानाः

**अनुसुची-६**
**(दफा १३ सँग सम्बन्धित)**
**जलश्रोतको मुहान दर्ता सम्बन्धी**
**सूचना! सूचना! सूचना!**

भीमफेदी गाउँपालिका वडा नं. ........ स्थित ........................... मा ................................... खानेपानी/सिँचाई/अन्य प्रयोजनको मुहान दर्ता गरी पाउँ भनी ............................. उपभोक्ता समितिका अध्यक्ष/सचिवले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित जलश्रोतको मुहान दर्ता गर्ने सम्बन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्वन्धमा कुनै बाधा व्यवधान भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरी प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरी गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

गाउँ जलश्रोत समिति
भीमफेदी गाउँपालिका
भीमफेदी,मकवानपुर ।

**अनुसुची -७**

**(दफा १४ सँग सम्बन्धित)**

<u>जलश्रोत उपयोगको अनुमतिपत्र</u>

....................... गाउँ जलश्रोत समिति

अनुमतिपत्र संख्याः मितिः

श्री ....................................

भीमफेदी गा.पा.-...... मकवानपुर ।

महाशय,

तपाईलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली भीमफेदी गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि,२०७७ को दफा १४ बमोजिम यो अनुमतिपत्र प्रदान गरीएको छ ।

१ व्यक्ति वा संगठित समितिको नाम र ठेगानाः

२ जलश्रोत उपयोगको उद्देश्यः

३ उपयोग गर्न खोजेको जलश्रोतको नामः

किसिमः रहेको स्थानः

४ उपयोग गर्न पाउने जलश्रोत परिमाणः

५ उपयोग गर्ने क्षेत्रः

६ जलश्रोत उपयोग गर्ने तरिकाः

७ प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

८ अनुमतिपत्र बहाल रहने अवधिः

अनुमति दिने अधिकारीको

नाम थरः

हस्ताक्षरः

पदः

मितिः

## अनुसूची-८
## ( दफा १० को उपदफा ४ र दफा १९ सँग सम्बन्धित)

अनुमतिपत्र दस्तुर

| <u>जलश्रोत उपयोगको किसिम</u> | <u>दस्तुर</u> |
|---|---|
| क) खानेपानी र | |
| ख) घरेलु उपयोग | रु.५००।- |
| ख) सिँचाई | रु.१०००।- |
| ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु.५००।- |
| घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.१०००।— |
| ङ) जल यातायात | रु.३०००।— |
| च) आमोद प्रमोदजन्य उपयोग | रु.३०००।— |
| छ) अन्य उपयोग | रु.३०००।— |

*नोटः- जलश्रोत उपयोगको प्राथमिकताक्रम माथि उल्लेख गरे बमोजिम हुनेछ ।*

**अनुसूची-९**

**(दफा २७ सँग सम्बन्धित)**

**<u>जलश्रोतको उपयोग बापत बुझाउनुपर्ने वार्षिक शुल्क</u>**

१. सिँचाईको हकमा

(क) दुई हजार हेक्टरसम्मको जमिन सिँचाई गर्न प्रति हेक्टर रु. १ का अधिकतम रु.२,०००।-

(ख) दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु.३,०००।-

(ग) पाँच हजारदेखि दश हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु.६,०००।-

(घ) दश हजारदेखि पन्ध्र हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु.१२,०००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु.१८,०००।-

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु.२५,०००।-

(छ) पच्चीस हजार हेक्टर भन्दा बढी जमिन सिँचाइ गर्न रु.३०,०००।-

२. खानेपानीको हकमा

क) दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१,०००।-

ख) दुई हजारदेखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.४,०००।-

ग) पाँच हजारदेखि दश हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.८,०००।-

घ) दश हजारदेखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१२,०००।-

ङ) पन्ध्र हजारदेखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१८,०००।-

च) बीस हजारदेखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.२५,०००।-

छ) पच्चीस हजारभन्दा बढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.३०,०००।-

३. कृषिजन्य उपभोगको लागि रु. २,०००।- देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगका लागि रु.२,०००।- देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगका लागि रु. ५,०००।- देखि ५०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोदजन्य प्रयोगका लागि रु. १,०००।- देखि १०,०००।- सम्म वार्षिक कारोबारका आधारमा ।

७. अन्य प्रयोगका लागि रु.५,०००।- देखि १०,०००।- सम्म वार्षिक कारोबारका आधारमा ।

आज्ञाले,

चेतनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत